## मिति २०८३/०६/०६ गते खाद्य प्रविधि तथा गुणनियन्त्रण विभागद्वारा उद्योग तथा खाद्य व्यवसायको अनुगमन निरिक्षण क्रममा गरिएको कारवाहीको विवरण

खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को कार्यान्वयनको क्रममा विभागले अनुगमन निरिक्षण कार्यलाई तिव्रता दिदै आएको छ। अनुगमन निरिक्षण कार्यलाई निरन्तरता दिदै मिति २०८३/०६/०६ गते खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय काठमाडौंले चन्द्रागिरी नगरपालिका तथा प्रहरी प्रभाग, नैकाप सहितको समन्वयमा चन्द्रागिरी नगरपालिकामा अवस्थित तपसिल वमोजिमका खाद्य उद्योग/खाद्य व्यवसायको अनुगमन तथा निरीक्षण गरी तपसिल वमोजिम कारवाही गरेको छ।

### श्री कृष्ण पुष्टकारी तथा गुदपाक भण्डार, चन्द्रागिरी न.पा-१५, ढुंगेअड्डा, काठमाडौं

अनुगमनको क्रममा चन्द्रागिरी न.पा-१५, ढुंगेअड्डा, काठमाडौंमा अवस्थित श्री कृष्ण पुष्टकारी तथा गुदपाक उद्योगले गुदपाक तथा पुष्टकारी वनाउने प्रयोजनको लागि म्याद नाघेका, लेवल विवरण नभएका तथा किरा परेका कच्चा पदार्थहरु : (म्याद नाघेको चिउरा, म्याद नाघेको चकलेट, खुल्ला टुक्रा विस्कुट, किरा परेको भुटेको चना र सोहि चनाको पिठो, स्किम मिल्क पाउडर, चामलको पिठो, किरा परेको वदाम, ओट्स लगायत) प्रयोग गरि बनाउने गरेको पाईयो। म्याद नाघेको चकलेट लगायतका खाद्य वस्तुलाई पुनः अर्को लेवल विवरण राखी प्याक गरि विक्री वितरण गर्दै गरेको अवस्थामा प्राप्त भयो ।खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागवाट खाद्य पदार्थ उत्पादन तथा विक्री वितरणको लागि ऐन वमोजिम अनुमतिपत्र नलिएको पाइयो। गुदपाक तथा पुष्टकारीको लेवलमा समिश्रणको लागि खुवा, चिनी, दूध, नरिवल, छोकडा, काजु, बदाम, तरवुज लगायत उल्लेख गरेको भएतापनि चिनी वाहेक अन्य खाद्य पदार्थहरु उत्पादन स्थलमा पाईएन्।

अनुगमनको क्रममा गुदपाक तथा पुष्टकारी वनाउन प्रयोग गरिएका म्याद नाघेका तथा किरा परेका कच्चा पदार्थः चिउरा १८ के. जि, चकलेट २१० के. जि., खुल्ला टुक्रा विस्कुट १०० के. जि., किरा परेको भुटेको चना २२० के. जि. र चनाको पिठो २७४ के. जि., स्किम मिल्क पाउडर ७ के. जि. चामलको पिठो प्रयोग गरि तयार गरेको गुदपाक करिव १०० के. जि र पुष्टकारी ५३५ के. जि. गरि करिव जम्मा रु. २,६०,०००/- वरावरको तयारी खाद्य पदार्थ जफत गरि नष्ट गरिएको छ।

साथै थप अनुसन्धानको लागि खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ वमोजिम गुदपाक तथा पुष्टकारीको नमुना संकलन गरि उद्योगवाट हुने सम्पूर्ण उत्पादन तथा विक्री वितरण रोक्का राखी

उद्योग शिलबन्दी गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम कारवाही अगाडी बढाईएको छ।

<u>बज्रबाराही भण्डार, चन्द्रागिरी न.पा-१५, ढुंगेअड्डा, काठमाडौं</u>

नियमित अनुगमनको क्रममा चन्द्रागिरी न.पा-१५, ढुंगेअड्डा, काठमाडौंमा अवस्थित बज्रबाराही भण्डारको अनुगमन/निरीक्षण गर्दा उद्योगको सरसफाई सन्तोषजनक पाईएन। एउटै कोठामा खाद्य पदार्थ (पुष्टकारी) प्रशोधन तथा प्याकेजिंग गर्ने गरेको पाइयो। उद्योग उत्पादन स्थलमा खाद्य पदार्थको लेवलमा समिश्रणमा उल्लेख नभएको कच्चा पदार्थ चिउरा, मैदा प्राप्त भयो ।खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट खाद्य पदार्थ उत्पादन तथा विक्री वितरणको लागि अनुमतिपत्र समेत नलिई उत्पादन गरेको पाईयो।

अनुगमनको क्रममा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को व्यवस्था बमोजिम अनुमति पत्र नलिई उत्पादन भएका तथा शंकास्पद कच्चा पदार्थ प्रयोग भई बनेको करिब ३५० के. जि (मूल्य करिब रु. १,४०,०००/- बराबरको) तयारी खाद्य पदार्थ जफत गरि नष्ट गरिएको छ।

साथै थप अनुसन्धानको लागि खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ अनुसार गुदपाक तथा पुष्टकारीको नमुना संकलन गरी उद्योगबाट हुने सम्पूर्ण उत्पादन तथा विक्री वितरण रोक्का राखी उद्योग शिलबन्दी गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम कारवाही अगाडी बढाईएको छ।

<u>श्री सस्तो बास्केट पसल, स्वयम्भु, काठमाडौं</u>

विभागमा प्राप्त उजुरी अनुसार खाद्य पदार्थको सम्भावित रिप्याकेजिंग गरि नक्कली डेट कोड तथा लेवल लगाई विक्री वितरण गरेको भन्ने उजुरीको आधारमा अनुगमन निरिक्षण कार्यलाई निरन्तरता दिदै मिति २०८३/०६/०६ गते खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय, काठमाडौंले काठमाडौं महानगरपालिका सहितको समन्वयमा का.म.न.पा-१५, मा अवस्थित श्री सस्तो बास्केट पसल, स्वयम्भु, काठमाडौं अनुगमन निरिक्षण गर्दा उक्त पसलले खाद्य पदार्थ अव्यवस्थित भण्डारण गरेको र अनुमति बेगर खाधान्न, दलहन तथा चिनी लगायतका खाद्य पदार्थहरुको खुद्रा प्याकिंग गरि विक्री वितरण गर्ने गरेको पाइयो। पसलको विक्री स्थलमा सुजि करिब १४ के. जि., ब्रेड क्रम्ब ५ के. जि., थाइम १० के. जि., राजमा १ के. जि., म्याद नाघेको अवस्थामा पाइयो। लेवलमा अनुमतिपत्र नं. उल्लेख नगरेको नौनी, ड्राई फुड्स लागेका खाद्य पदार्थहरु विक्री वितरण गरेको पाइयो।

अनुगमनको क्रममा उपभोग्य मिति नाघेका खाद्य पदार्थहरु सुजि करिव १४ के. जि., ब्रेड क्रम्ब ५ के. जि., थाइम १० के. जि., राजमा १ के. जि., जफत गरि नष्ट गरियो। अनुमतिपत्र नलिएका उद्योगबाट उत्पादित खाद्य पदार्थहरु विक्री वितरण नगर्न निर्देशन दिईयो। म्याद नाघेका खाद्यपदार्थ लाइ एक्सपायर्ड जोन बनाई अलग्गै भण्डारण गर्न निर्देशन दिईयो।
साथै थप अनुसन्धानको लागि विक्रेतालाई ७ दिन भित्र कार्यालयमा उपस्थित हुने निर्देशन दिई खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ वमोजिम कारवाही अगाडी वढाईएको छ।

श्री यति आइस प्रा. लि., स्वयम्भु, काठमाडौं

अनुगमन निरिक्षण कार्यलाई निरन्तरता दिदै मिति २०८३/०६/०६ गते खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग र खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय काठमाडौंले काठमाडौं महानगरपालिका सहितको समन्यवमा का.म.न.पा-१५ स्वयम्भु, काठमाडौंमा अवस्थित यति आइस प्रा. लि., को अनुगमन/निरीक्षण गर्दा का.म.न.पा-१६ को वडा कार्यालयमा उद्योगको दर्ता गरि का.म.न.पा-१५ सन्चालनमा गरेको पाइयो। उद्योगले आइस क्युव बनाउन खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागबाट खाद्य पदार्थ उत्पादन तथा विक्री वितरणको लागि अनुमतिपत्र नलिई उद्योगमा २ थान आइस बनाउने मेशिन १ थान आर. ओ. मेशिन ३ थान डिप फ्रिज राखी आइस क्युव उत्पादन तथा विक्री वितरण गरेको पाइयो। साथै उद्योगले प्रशोधित पिउने पानी उत्पादन मापदण्ड सम्वन्धि निर्देशिका, २०७४ वमोजिम मापदण्ड अनुरुपका प्रावधानहरु पर्याप्त नरहेको पाईयो।
सो क्रममा प्रशोधित पिउने पानी उत्पादन मापदण्ड सम्वन्धि निर्देशिका, २०७४ पूर्ण रुपमा पालना नगरेको तथा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ वमोजिम अनुमति समेत नलिई आइस क्युव उत्पादन तथा विक्री वितरण गरेको पाइएकोले उद्योगबाट हुने सम्पूर्ण उत्पादन तथा विक्री वितरण रोक्का राखि खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ वमोजिम कारवाही अगाडी वढाईएको छ।